# दमक नगरपालिका कार्यालय

## दमक, झापा

# सूची दर्ता गर्ने सम्वन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७३।०४।०३ )**

यस दमक नगरपालिका कार्यालयका लागि आ.व. २०७३/०७४ मा तपशिल वमोजिमका सामान तथा सेवा खरिद गर्नका लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम सूची दर्ता गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक सम्वन्धित इजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएका मितिले **१५ दिन** भित्र दमक नगरपालिका कार्यालयमा सूची दर्ताका लागि आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. मसलन्दका सामानहरू
२. स्टेशनरीका सामानहरू
३. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिगंका सामानहरू
४. छपाई सम्वन्धि कार्यहरू
५. प्रिन्टर, फयाक्स मेशिन, टेलिफोन सेट, कम्प्युटर, प्रिन्टर,यू.पि.एस. तथा कम्प्युटरसम्वन्धि पार्टपूर्जाहरू
६. विज्ञापन तथा सूचना सम्वन्धि सेवाहरू
७. विभिन्न व्राण्डका मोटरसाइकल, सवारीसाधनका पार्टपूर्जाहरू सप्लाई तथा मर्मत सम्वन्धि
८. विद्युतिय सामाग्री तथा उपकरण एवं मर्मत सम्भार
९. निर्माण सामाग्रीहरू विभिन्न साइजका छड, सिमेन्ट,रंगरोगन आदी
१०. परामर्शदाता तथा अन्य सेवा सम्वन्धि
११. निर्माण कार्य सम्वन्धि।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू :**

१. फर्म तथा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि।
२. स्थायी लेखा नम्वर, मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. दमक नगरपालिकामा रहेका व्यवसायिहरूको हकमा व्यवसाय प्रमाणपत्रको प्रतिलिपि
४. आ.व. २०७२/०७३ को व्यवसाय कर लगायत सवै करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि

**अन्य जानकारीहरू :**

१. म्याद नाघि आएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन।
२. सूचीकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरूवाट कार्यालयको आवश्यकता अनुसारको सामान तथा सेवा खरिद गरिनेछ।
३. सूचीकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरूले सन्तोषजनक सेवा वा सामान सप्लाई नगरेको खण्डमा सूचीवाट हटाइने छ। यस उपर कुनै दावि विरोध गर्न पाइने छैन।
४. कम्पनी, फर्म वा संस्था सूचीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।
५. यस सूचना अनुसार दर्ता भएका सूची आ.व. २०७३/०७४ का लागि मात्र मान्य हुनेछ।

**दमक नगरपालिका कार्यालय**
**दमक, झापा**